वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ४० २०८३ जेठ १५ गते शुक्रबार, नेपाल सम्वत् ११४६ May 29, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
— निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी —
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोला !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह



**तनहुँ जलविद्युत आयोजनाको निर्माणाधिन मुख्य बाँध :** तनहुँमा निर्माणाधिन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजनाको मुख्य बाधस्थल निर्माण गरिदै । आयोजनाको प्याकेज १ अन्तर्गत बाँधलगायत संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरूङ, विद्युतगृह तथा सम्बन्धित उपकरणहरु र प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको कामलाई तीव्रता दिइदै आइएको छ । प्याकेज १ अन्तर्गत बाँधलगायत संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा 'डाइभर्सन' सुरूङलगायत संरचनाको निर्माण सकिएको छ । मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो । विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सकिएको र उक्त कार्य सम्पन्न भएसँगै मुख्य बाँधको 'कङ्क्रिटिङ' तथा सम्बन्धित ग्राउटिङ कार्य सुरू गर्न आवश्यक पूर्वाधार तयार भएको छ । यहाँ आयोजनाले १४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०८१ चैत ७ गते पहिलो कङ्क्रिट राखी कङ्क्रिटङ कार्यको सुरूआत गरिएको थियो । अहिले मुख्य बाँधको कङ्क्रिट, कोर ड्रिलिङ, ग्राउटिङलगायत कार्य जारी रहेको बताइएको छ । *तस्विर : भञ्ज्याङ*

# मुग्लिन-पोखरा सडक स्तरोन्नति : पश्चिम खण्डमा निर्माणकार्य सुस्त

भञ्ज्याङ समाचारदाता/कास्की

पृथ्वीराजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक स्तरोन्नति आयोजनाको पश्चिम खण्डमा निर्माण सुस्त बनेको छ । पाँच वर्षअघि सुरूआत भएको सडक विस्तार तथा स्तरोन्नति पटक-पटक म्याद थप हुँदासमेत अझै पूरा हुन सकेको छैन । तनहुँको जामुनेदेखि पोखराको




सेतीपुलसम्मको ३८.७१ किलोमिटर सडकखण्ड पश्चिम खण्डअन्तर्गत पर्दछ ।

आयोजनाको म्याद गत पुसमा तेस्रोपटक थप गर्दै आगामी असार १५ गतेसम्म पुऱ्याइएको थियो । तर पछिल्लो प्रगति हेर्दा निर्धारित अवधिभित्र निर्माण सम्पन्न नहुने अनिश्चित भएको हो ।

पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या, निर्माण सामग्रीको मूल्यवृद्धि तथा पछिल्ला दिनमा परेको लगातार वर्षाले निर्माण प्रभावित बनेको आयोजनाले जनाएको छ । मूल्यवृद्धिका कारण निर्माण कम्पनीले अत्यावश्यकबाहेकका अन्य काममा अपेक्षित गति दिन नसकेको जनाएको छ ।

मुग्लिन-पोखरा सडक योजना पश्चिम खण्डका योजना प्रमुख कृष्णबहादुर कुँवरका अनुसार हालसम्म आयोजनाको भौतिक प्रगति ७८ प्रतिशत पुगेको छ । उनले कूल सडकखण्डमध्ये पहिलो तहको कालोपत्रे ३८ किलोमिटर र दोस्रो तहको कालोपत्रे ३७.२८ किलोमिटर सम्पन्न भएको जानकारी दिए ।

आयोजनाअन्तर्गत २०.५५ किलोमिटर चार लेन सडक तथा १८.१६ किलोमिटर चार लेनसहित सर्भिस लेन निर्माण गर्नुपर्नेछ ।

बाँकी तेश्रो पेजमा

# पोखरामा अतिक्रमित संरचना धमाधम खाली गरिंदै

राम थापा र ऋषिराम बराल/कास्की

अरु दिनभन्दा बुधबार पोखराको हङकङ बजारछेउको दृश्य भिन्न थियो । किनमेलले भीडभाड हुने पसलका सटर सुनसान देखिन्थे। व्यवसायीहरु सामान पोकापुन्तुरा पारिरहेका थिए । कोही गाडीमा सामान चढाउँदै थिए । हतारहतार सटर खाली गर्दा भुइँ र सडकछेउ पसलको फोहर असरल्ल देखिन्थ्यो ।

पोखरा महानगरपालिकाले पृथ्वीचोकको मूल सडक भएर हङकङ बजार हुँदै नयाँबजार निस्कने सडकछेउका अतिक्रमित संरचना हटाउने भएपछि ती ठाउँमा व्यवसायीले धमाधम सटर खाली गरेका हुन् । पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको उक्त जग्गा अतिक्रमण गरी बनाइएका भवनमा बिहीबार डोजर लगाउने महानगरको तयारी छ ।

त्यहाँ रहेका नेपाल ट्रेड युनियन कांग्रेस, जिफन्ट गण्डकी, सामुदायिक प्रहरी, सहारा क्लब, हिमाली सांस्कृतिक परिवारको भवन, सार्वजनिक शौचालयलगायतका संरचना हटाइने महानगरपालिकाले जनाएको छ । महानगरले डोजर लगाएर हटाउने भएपछि ती संस्थाले केही दिनअघि नै भवन खाली गरेका थिए ।



महानगर प्रमुख धनराज आचार्यले जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाएर त्यस क्षेत्रमा दुई लेनको सडक बनाइने बताउनुभयो । राजनीतिक संरक्षणका आडमा ती भवनलाई भाडामा लगाएर सीमित संस्थाले गैरकानुनी रूपमा आर्थिक आर्जन गर्दै आएका थिए । महानगरपालिकाले आयोजना गरेको सर्वदलीय/सर्वपक्षीय छलफलपछि राजनीतिक दलका भ्रातृ संस्थालगायतले भवन खाली गर्न राजी भएका थिए ।

महानगर र उपत्यका नगर विकास समितिले गत वैशाख पहिलो साता सूचना जारी गरी अतिक्रमित संरचना खाली गराउन निर्देशन दिएको थियो । उक्त सूचनाको म्याद सकिएपछि बिहीबार संरचना हटाउन लागिएको हो। त्यस क्षेत्रमा फेन्सी व्यवसाय गर्दै आउनुभएका रामचन्द्र पोखरेलले महानगरको अभियानमा सघाउन व्यवसायीहरूले आफैं सटर खाली गरेको बताउनुभयो।

"हामीले भाडा तिरर बसेका हौं, महानगरले भवन नै हटाउने भएपछि हामीले अर्को विकल्प खोज्नुपर्ने भयो", उहाँले भन्नुभयो। वर्षौंदेखि व्यवसाय गर्दै आएको ठाउँ छाड्नुपर्दा व्यवसायीहरूलाई मर्का भने परेको पोखरेलले

बाँकी तेश्रो पेजमा

# पाठेघरको मुखको क्यान्सर सम्बन्धी जनचेतना तथा भिआइए स्क्रिनिङ

भञ्ज्याङ समाचारदाता/दमौली

प्रदेश अस्पताल दमौली, तनहुँले व्यास नगरपालिका-१४ केशवटारमा पाठेघरको मुखको क्यान्सर तथा अन्य क्यान्सर सम्बन्धी जनचेतना एवं भिआइए (एसिटिक एसिड प्रयोग गरी गरिने दृश्य परीक्षण) स्क्रिनिङ कार्यक्रम गरिएको छ ।




कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कमला मोहन वाग्लेले पाठेघरको मुखको सम्भावित क्यान्सर समयमै पत्ता लगाउन सके क्यान्सरजस्तो घातक रोगसमेत निको हुन सक्ने बताए। उनले सदरमुकामभन्दा टाढाका गाउँमा समेत यस्ता स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

व्यास-१४ का वडा अध्यक्ष काजीमान श्रेष्ठले प्रदेश अस्पताल दमौलीका मे.सु. डा. परिवर्तन बरालसँगको समन्वयमा क्यान्सर सम्बन्धी सचेतना तथा भिआइए स्क्रिनिङ शिविर आयोजना गरिएको जानकारी दिँदै महिलाहरूलाई स्वास्थ्य परीक्षण गराई अधिकतम लाभ लिन आग्रह गरेका थिए ।

व्यास नगर कार्यपालिका सदस्य नरिमाया थापाले छोटो सूचनाका कारण टाढाबाट

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# गणतन्त्र दिवस

लामो संघर्ष, असंख्य योद्धहरूको बलिदानबाट प्राप्त उपलब्धी गणतन्त्र स्थापनाले १९औं वषन्त पार गरेको छ । मुलुकमा राजतन्त्रको अन्य र गणतन्त्र स्थापना नेपालको आधुनिक राजनीतिक इतिहासमा सर्वाधिक महत्वको मात्र नभई युगिन उपलब्धी थियो । २०६५ जेठ १५ गते बानेश्वर स्थित संसद भवनमा उपस्थित ६०१ सदस्यीय निर्वाचित संविधानसभा सदस्यहरू मध्ये ५६० जनाले पक्षमा मतदान गरेर मुलुकमा विधिवत रूपमा गणतन्त्र घोषणा भएको थियो । उता नारायणहिटी राजदरबारबाट राजा ज्ञानेन्द्रलाई कसरी विदाई गर्ने भन्ने विषय टुंगो हुन बाँकी नै थियो । काठमाडौंको सडक मात्र होइन नेपालको सुदुर गाउँबस्ति र झुपडीहरू सर्वत्र गणतन्त्र स्थापनाको खुशीयालीले गुञ्जयमान थिए होलान । यस अगाडि नै संसदबाट गणतन्त्र स्थापनाका लागि निर्वाचित संविधानसभाको पहिलो बैठकले घोषणा गर्ने संकल्प प्रस्ताव पारित भइसकेको थियो । सोही संकल्प प्रस्तावमा टेकेर २०६४ चैत्र २८ गते निर्वाचित संविधानसभाको पहिलो बैठकले मुलुकमा गणतन्त्र घोषणा गरेको हो । गणतन्त्र घोषणा भयो जनतामा अपार उत्साह र उमंगले भारी उत्साह जगायो । नारायणहिटी दरबारमा रहेका पूर्व राजा ज्ञानेन्द्रलाई श्रीपेञ्च बुझाएर दरबार छाड्नुको कुनै पनि विकल्प थिएन। अन्ततः भयो त्यही। दुई वर्षका लागि निर्वाचित संविधानसभाले आफ्नो कार्यकालको दुई वर्षमा संविधान निर्माण गर्नु त परै जाहोस दलहरू बीच एक आपसमा दुरी बढ्दै जाँदा मुलुकमा संघिन मुद्दाहरू ओझेलमा मात्र परेनन् नेताहरूको स्वर्थाले चरम रूप लिदै गयो । दुई वर्षको अबधिमा संविधान जारी नभएको परिस्थितिलाई मध्येनजर गरेर व्यापक जनदबाबका बीचमा थप दुई वर्षका लागि संविधानसभाको कार्यकाल थप गरियो । आफ्नो कार्याकाल आफै थपेपनि समयको सिमामा संविधान निर्माण हुन सकेन । वर्षमा दुई पटकसम्म सरकार परिवर्तन हुने खेलहरू हुँदै गए । अन्तत् थपिएको दुई वर्षको अवधिमा समेत संविधान निर्माण नभएको अवस्थामा संविधानसभा विघटन हुनु आफैमा बाध्यकारी सृजना हुन पुग्यो ।

मुलुकमा विकृती, विसंगति दलहरू बीच आपसि मनमुटाव र दुरत्व बढ्दै गयो। तथापि आन्दोलनलाई सफलताको चुलीमा पुऱ्याउने जनताको बीचमा उमंग र उत्साह सेलाएको थिएन्। निरन्तरको खबरदारीका कारण संविधानसभाबाट संविधान दिनुको विकल्प नभइरहेको अवस्थामा पुनः दोश्रो पटक संविधानसभा निर्वाचन सम्पन्न भयो । दोश्रो पटकको संविधानसभाले पनि आफ्नो दुई वर्षको अबधिमा संविधान दिन सक्ने नसक्ने अन्यौल र आशंकाहरू यतिविघ्न जरा गाड्यो कि परिस्थितिले कतै काबुभन्दा बाहिर जाँदै त छैन भन्ने जगजगि सृजना हुँदै गर्दा दलहरूले पुनः आपसमा सहमति गरेर २०७० मंसिर ४ गते दोश्रो संविधानसभाको निर्वाचन भयो । दोश्रो संविधानसभा निर्वाचनबाट विविध कठिनाइ र दलहरूको आपसि बेमेलकै बीचमा २०७२ भदौ ३० गते नयाँ संविधान जारी भयो। मुलुकलाई आर्थिक समृद्धि र समृद्धिको बाटोमा पुऱ्याउन नयाँ संविधानलाई पूर्ण रूपेण कार्यान्वयन गर्दै जानुपर्ने थियो, जस अनुरूप संघीय संसद, प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका निर्वाचनहरू दुई चरणमा सम्पन्न भई निर्वाचित जनप्रतिनिधिको दोश्रो कार्यकाल वडातहदेखि संघीय संसदसम्म चलिरहेको छ । यसै बीचमा २०६५ जेठ १५ गते घोषणा भएको संघीय लोकतान्त्रिक गणतन्त्रले आज १६ वर्ष पुरा गरी १७औं वर्षमा प्रवेश गरेको छ । यस बीचमा मुलुकमा सकरात्मक र नकरात्मक प्रवृत्तिहरू जनताको बीचमा देखा परेका छन्। मुलुकलाई समृद्धिको बाटोमा अगाडि बढाउन राष्ट्रिय राजनीतिकका दलहरू कतै असफल त हुँदै छैनन् भन्ने आशंकाहरू झ्यागिदै गएको अवस्थामा गत भदौ २३ र २४ गतेको घटनाले फेरी मुलुकलाई नयाँ मोड तर्फ डोऱ्याएको छ । अहिले मुलुकमा लगभग दुईतिहाइ बहुमतको सरकार बनेको छ भने गत भदौ २३ र २४ गतेको जेनजी पुस्ताको आन्दोलनका घटनाले सृजना गरेको विषयवस्तुले मुलुकको राजनीतिक माहोल पनि तताइरहेको छ । बिगतमा आन्दोलनमा महत्वपूर्ण योग्दान गरेका नेताहरू हाल जनताका प्रतिनिधिसमेत भ्रष्टाचारका काहालिलाग्दा भासमा भाँसिरहदा हाम्रो गणतन्त्रले अपेक्षित बाटो तय गर्न कतै बाँधात सृजना त भएको छैन ? आशंकाकै बीच हामीले १८औं गणतन्त्र दिवस मनाइरहेका छौ । मुलुकलाई अग्रगमनको बाटोमा लग्नलाई अनेकौ व्यवधान र तगराहरू गणतन्त्र विरोधीहरूबाट सृजना हुनु आफैमा आश्चर्यको विषय होइन? तर, गणतन्त्र स्थापनासम्म त्याग र बलिदान गरेका राजनीतिक दल र दलहरू भित्रै देखा परेको विसंगतिलाई चिर्न सकिएन भने हाम्रा उपलब्धीहरूलाई रक्षय गर्दै अगाडि बढ्न सहज होला ? गणतन्त्र दिवसमा सबैमा हाम्रो पनि शुभकामना।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# किशोरहरूमा बढ्दो लत र मौन संकट

नेपालमा किशोरहरूबीच लागूपदार्थ तथा व्यवहारजन्य लतको समस्या तीव्र रूपमा बढिरहेको छ । यो अब केवल 'बिग्रिएको बानी', 'अनुशासनहीनता', वा 'चरित्रको कमजोरी' को विषय रहेन। आजको सन्दर्भमा लत मानसिक स्वास्थ्य, पारिवारिक सम्बन्ध, सामाजिक संरचना, भावनात्मक असुरक्षा, तथा सार्वजनिक स्वास्थ्यसँग गाँसिएको गम्भीर राष्ट्रिय संकटको रूपमा विस्तार हुँदै गएको छ । तर विडम्बना के छ भने, समस्या जति गहिरिँदै गएको छ, त्यसलाई बुझ्ने हाम्रो दृष्टिकोण भने अझै सतही र दण्डात्मक नै छ ।

हामी अझै पनि लागूपदार्थ प्रयोग गर्ने किशोरलाई 'बिग्रिएको बच्चा' भन्छौँ । दिनभर मोबाइल चलाउने किशोरीलाई 'अटेरी' ठान्छौँ । रातभर अनलाइन खेल खेल्ने बालकलाई 'अनुशासनहीन' भनेर दण्डित गर्छौँ । तर धेरै अवस्थामा यी व्यवहारहरु वास्तविक समस्या होइनन्, बरू गहिरो मानसिक पीडा, भावनात्मक उपेक्षा, असुरक्षा, एक्लोपन वा तनावका बाहिरी संकेत मात्र हुन् ।

किशोरहरूले धेरै पटक आफूभित्रको पीडा शब्दमा व्यक्त गर्न सक्दैनन् । रूपमा प्रभावित भइरहेको छ ।

नेपालमा पनि अवस्था कम गम्भीर छैन । वर्ल्ड भिजन इन्टरनेशनल नेपालद्वारा किशोरकिशोरीहरूमा गरिएको अध्ययन अनुसार झन्डै १५.८७ प्रतिशत किशोरकिशोरीहरूले कुनै न कुनै प्रकारको लागूपदार्थ प्रयोग गरिरहेका छन् । तीमध्ये ८०.८ प्रतिशत बालक र १९.२ प्रतिशत बालिका रहेका छन् ।

अध्ययनले मदिरा, सुर्तीजन्य पदार्थ, तथा गाँजा किशोरहरूमा सबैभन्दा बढी प्रयोग हुने पदार्थका रूपमा देखाएको छ। अझ चिन्ताजनक कुरा के छ भने, धेरै किशोरहरूले १४ देखि १६ वर्षको उमेरमै पदार्थ प्रयोग सुरू गर्ने गरेका छन् । साथीहरूको दबाब, जिज्ञासा, तथा मनोरञ्जन प्रमुख कारणका रूपमा देखिएका छन् ।

अध्ययनले ७७ प्रतिशत किशोरहरूलाई पदार्थ प्रयोगका दीर्घकालीन स्वास्थ्य जोखिमबारे पर्याप्त जानकारी नभएको पनि देखाएको छ । यी तथ्यांकहरु केवल अनुसन्धानका संख्या होइनन्, यी हाम्रो समाजभित्र मौन रूपमा बढिरहेको संकटका संकेत हुन् ।

आज नेपालमा पदार्थजन्य मात्र होइन, दोहोरिँदा बानी बन्छ, र बानी नियन्त्रणबाहिर जाँदा निर्भरता विकसित हुन्छ। यही कारण लतलाई अहिले विश्वव्यापी रूपमा मस्तिष्कसँग सम्बन्धित दीर्घकालीन रोगका रूपमा बुझिन्छ । यो क्रमशः बढ्ने, पुनः दोहोरिने सम्भावना रहने, र उपचारबिना गम्भीर परिणाम निम्त्याउन सक्ने अवस्था हो । उपचारबिना यसको परिणाम सम्बन्ध विच्छेद, हिंसा, मानसिक रोग, अस्पताल भर्ना, जेल, वा अकाल मृत्यु समेत हुन सक्छ ।

निर्णय क्षमता, आत्मनियन्त्रण, तथा जोखिम मूल्यांकनसँग सम्बन्धित मस्तिष्कीय संरचना पूर्ण विकसित भइसकेको हुँदैन । त्यसैले किशोरहरु तत्काल आनन्द दिने व्यवहारतर्फ छिटो आकर्षित हुन्छन् ।

धेरै किशोरहरु लततर्फ 'रमाइलो' का लागि मात्र जाँदैनन् । धेरैले तनाव कम गर्न, भावनात्मक पीडाबाट भाग्न, असफलताको भावना बिर्सन, आफूलाई स्वीकारिएको महसुस गर्न, वा एक्लोपन हटाउन पदार्थ वा डिजिटल दुनियाँलाई आश्रय बनाउँछन्। कहिलेकाहीँ लत आफैं समस्या होइन, बरू त्यो कुनै गहिरो मानसिक पीडाको लक्षण हुन्छ ।




त्यसपछि उनीहरु व्यवहारमार्फत् आˆनो संघर्ष देखाउन थाल्छन् । कहिलेकाहीँ त्यो अत्यधिक रिसको रूपमा देखिन्छ, कहिलेकाहीँ सामाजिक अलगावको रूपमा र कहिलेकाहीँ लागूपदार्थ वा डिजिटल दुनियाँमा हराउने माध्यमका रूपमा ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर १० देखि १९ वर्ष उमेर समूहका प्रत्येक सातमध्ये एक किशोर कुनै न कुनै मानसिक स्वास्थ्य समस्याबाट प्रभावित छन् । किशोरावस्थामा देखिने अवसाद, चिन्ता, आत्महानी, जोखिमपूर्ण व्यवहार, तथा लागूपदार्थ प्रयोगबीच प्रत्यक्ष सम्बन्ध रहेको विभिन्न अध्ययनहरूले देखाएका छन्।

संयुक्त राष्ट्रसंघीय लागूपदार्थ तथा अपराध नियन्त्रण कार्यालयको सन् २०२५ को प्रतिवेदन अनुसार विश्वभर लागूपदार्थ प्रयोगकर्ताको संख्या ३१ करोडभन्दा बढी पुगेको छ । पछिल्लो दशकमा यो संख्या उल्लेखनीय रूपमा बढेको छ, र यसको ठूलो प्रभाव किशोर तथा युवा पुस्तामा देखिएको छ ।

विश्व स्वास्थ्य संगठनले अत्यधिक अनलाइन खेल खेल्ने अवस्थालाई औपचारिक मानसिक स्वास्थ्य समस्याका रूपमा मान्यता दिइसकेको छ । यसले के संकेत गर्छ भने, अहिलेको पुस्ता केवल पदार्थजन्य लतबाट मात्र होइन, डिजिटल तथा व्यवहारजन्य लतबाट पनि गम्भीर व्यवहारजन्य लत पनि तीव्र रूपमा बढिरहेको छ। विशेषगरी किशोरहरूमा टिकटक, फेसबुक, इन्स्टाग्राम, युट्युब, अनलाइन खेल, अश्लील सामग्री, अनलाइन जुवा, तथा अत्यधिक स्क्रिन प्रयोग गम्भीर समस्याका रूपमा देखिन थालेका छन् ।

धेरै अभिभावकहरु अझै पनि 'मोबाइल धेरै चलाएको मात्रै हो' भनेर समस्यालाई सामान्य बनाउने गर्छन् । तर समस्या त्यतिबेला सुरू हुन्छ, जब बच्चाले आफ्नो पढाइ, निद्रा, भावनात्मक नियन्त्रण, तथा सामाजिक सम्बन्ध गुमाउन थाल्छ। पछिल्ला केही वर्षमा मेरो व्यावसायिक अभ्यासमा पनि एउटा स्पष्ट परिवर्तन देखिएको छ । पहिले मुख्यतः पदार्थजन्य लतका केसहरु बढी आउने गर्थे । अहिले भने स्क्रिन, डिजिटल सम्बन्ध, अनलाइन खेल, तथा सामाजिक सञ्जालसँग सम्बन्धित समस्याहरु उल्लेखनीय रूपमा बढेका छन् ।

लत वास्तवमा केवल पदार्थको समस्या होइन । यो सोच, व्यवहार, भावना, तथा जीवनशैलीसँग सम्बन्धित जटिल मनोवैज्ञानिक अवस्था हो । पुनःस्थापनाको क्षेत्रमा लामो समयदेखि एउटा महत्त्वपूर्ण अवधारणा प्रयोग हुँदै आएको छ कि लत केवल पदार्थमा निर्भरता मात्र होइन, यो डर, असुरक्षा, कम आत्मसम्मान, तथा नकारात्मक सोचसँग पनि जोडिएको हुन्छ।

सोचले व्यवहार निर्माण गर्छ, व्यवहार

मेरो व्यावसायिक अनुभवमा यस्ता धेरै घटनाहरु आएका छन्, जहाँ परिवारले 'मोबाइलको लत', 'खेलको लत', वा 'बिग्रिएको बानी' भनेर ल्याएको किशोर वास्तवमा गहिरो भावनात्मक संघर्षबाट गुज्रिरहेको हुन्छ । काठमाडौंका १६ वर्षीय एक किशोर दिनमा १५ घण्टासम्म अनलाइन खेल खेल्थे । मोबाइल खोस्दा हिंसात्मक प्रतिक्रिया दिन्थे ।

परिवारले उनलाई 'अनुशासनहीन' ठानेको थियो । तर परामर्शका क्रममा थाहा भयो कि उनी विद्यालयमा लगातार अपमान र जिस्क्याइँको सिकार भएका रहेछन्। उनी सामाजिक रूपमा असुरक्षित महसुस गर्थे र सार्वजनिक रूपमा बोल्न डराउँथे । उनका लागि अनलाइन खेल मनोरञ्जन मात्र थिएन, त्यो वास्तविक जीवनबाट लुक्ने सुरक्षित ठाउँ बनिसकेको थियो ।

त्यस्तै, १७ वर्षिया एक किशोरी रातभर सामाजिक सञ्जालमा सक्रिय रहन्थिन् । परिवारले "मोबाइल बिगाऱ्यो" भनेर लगातार गाली गरिरहेको थियो । तर गहिरो मनोसामाजिक परामर्शपछि थाहा भयो कि उनी लामो समयदेखि भावनात्मक उपेक्षा, आत्मसम्मानको कमी, तथा एक्लोपनसँग संघर्ष गरिरहेकी थिइन् । उनले एक दिन भनिन्, 'अनलाइन हुँदा कम्तीमा कसैले मलाई देख्छ त ।' त्यो

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
टाढाका साथीभाइको निम्तो प्राप्त हुन सक्छ। चिताएका काममा शुभचिन्तकहरूले साथ दिनेछन्।

**वृष**
आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ। ऋणमोचन हुने सम्भावना छ।

**मिथुन**
रकम हातलागी भए पनि खर्च गर्नुपर्ला। आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्लान्।

**कर्कट**
दीर्घकालसम्म फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। उपलब्धिले थप उत्साह जगाउनेछ।

**सिंह**
नयाँ कामतर्फ अग्रसर भइनेछ। मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ।

**कन्य**
कीर्तिमानी काम गर्ने समय छ। साथीभाइको सहयोग जुट्नाले मनग्य फाइदा हुनेछ। आम्दानी बढ्नेछ।

**तुला**
मेहनत गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ। पेसा-व्यवसायमा लाभ हुनेछ।

**वृश्चिक**
हिम्मतले काम बनाउन सकिनेछ। अरूको साथ जुट्नेछ। प्रयत्न गर्दा पदीय जिम्मेवारी प्राप्त हुनेछ।

**धनु**
लगनशील बन्दा प्रशंसकहरु बढ्नेछन् भने मनग्य धन लाभ हुनेछ। विचारले धेरैलाई प्रभावित पार्न सकिनेछ।

**मकर**
छोटो समयमा उपलब्धि हात पार्ने अवसर प्राप्त हुनेछ। विभिन्न भौतिक साधन संग्रह गर्ने मौका छ।

**कुम्भ**
रमाइलो जमघटमा सहभागी भइनेछ। प्रियजनसँग भेटघाट हुनेछ भने अतिथिका रूपमा सम्मान प्राप्त होला।

**मीन**
आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। स्वास्थ्य-उपचारमा खर्च हुने योग छ।

# पोखरामा अतिक्रमित ..........

बताउनुभयो । यसकै कारण कतिपय व्यवसायबाटै पलायन हुनुपर्ने अवस्था आएको उहाँको भनाइ छ। महानगरपालिकाले पोखरा बसपार्क क्षेत्रभित्र रहेका पसल कबललगायत सबै संरचना पनि हटाउने तयारी गरेको छ । यही जेठ १० गते पोखरा उपत्यका नगर विकास समितिले सूचना जारी गरी १५ दिनभित्र त्यस्ता संरचना खाली गर्न निर्देशन दिएको हो । समितिले पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रक्रियामा सघाउन सूचित गरेको हो । तोकिएको अवधिभित्र संरचना नहटाएमा समिति आफैँले हटाउने र सो क्रममा लाग्ने लागतसमेत सम्बन्धित व्यक्ति तथा संस्थाबाट असुलउपर गरिने जनाइएको छ।

समितिले बसपार्क क्षेत्रभित्र लालपुर्जा भएका जग्गाधनीहरूलाई सात दिनभित्र नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, चालु आवको सम्पत्ति/भूमिकर तिरेको रसिद र जग्गासम्बन्धी प्रमाण पुग्ने अन्य कागजात समितिको कार्यालयमा बुझाउन निर्देशनसमेत दिएको छ। पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित बसपार्कको जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाउन यसअघि गत वैशाख ४ गते पोखरा महानगरपालिकाले पनि सार्वजनिक रूपमा सूचित गरेको थियो। ३५ दिने उक्त सूचनाको अवधि पोखरा उपत्यका नगर विकास समितिले अर्को सूचना जारी गरेको हो ।

पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको बसपार्कको जग्गामा सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरू रहेका छन् । आधुनिक सुविधासम्पन्न बसपार्क बनाउन २०३२ सालमा २०५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गा अतिक्रमणा पर्दै गएर अहिले करिब ६० रोपनी क्षेत्रफलमात्र बाँकी छ । प्रस्तावित आधुनिक पोखरा बसपार्कको अतिक्रमित जग्गा खाली गराई बसपार्क निर्माणको प्रक्रियालाई अगाडि बढाउने महानगरको योजना छ । भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका नाममा झन्डै पाँच सय परिवार बसपार्कको जग्गामा घरटहरा बनाएर बसेको महानगरले जनाएको छ। वास्तविक सुकुम्बासीलाई उचित व्यवस्थापन गरी अतिक्रमित जग्गा खाली गराएर बसपार्क बनाइने महानगरप्रमुख आचार्यले बताउनुभयो । महानगरले बसपार्क क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन दलित तथा सुकुम्बासी परिवारको स्थानान्तरणका लागि जग्गा खोजी गर्न समिति पनि गठन गरिसकेको छ। सुकुम्बासी र भूमिहीन परिवारको व्यवस्थापनका लागि जग्गा पहिचान तथा सिफारिस गर्न वडा नं १७ का वडाध्यक्ष राधिका शाही योगीको संयोजकत्वमा सात सदस्यसीय जग्गा व्यवस्थापन (खोजी) समिति गठन गरिएको हो ।

बसपार्क क्षेत्रभित्र बसोबास गर्दै आएका तथा पछिल्लोपटक अद्यावधिक विवरण/लगत बुझाएका ५७२ सुकुम्बासी तथा भूमिहीन परिवारको लगत छानबिन तथा सत्यतथ्य पहिचानका लागि अर्को समिति पनि गठन भएको छ । महानगरपालिकाका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित सात सदस्यीय उक्त समितिले 'सुकुम्बासी समस्या सहजीकरण समिति' सँग आवश्यक समन्वय र सहकार्य गरी तथ्यगत अध्ययनका आधारमा महानगरपालिकालाई प्रतिवेदन पेस गर्नेछ ।

बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्रीवितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादको छानबिन तथा न्यायिक निरुपण गर्न तीन सदस्यीय अर्को समिति पनि गठन गरिएको छ। पूर्वन्यायाधीश शंकरराज बराल अध्यक्ष रहनुभएको उक्त समितिमा पूर्वजिल्ला न्यायाधिवक्ता गोविन्द गिरी सदस्य र पोखरा उपत्यका नगर विकास समितिका प्रशासकीय अधिकृत प्रकाश सुवेदी सदस्यसचिव रहनुभएको छ ।

महानगरपालिकाले पोखराको मध्यभागबाट बग्ने फिर्केखोलाको अतिक्रमित जग्गा पनि खाली गराउन सुरू गरेको छ । गत आइतबारदेखि सुरू भएको उक्त अभियानअन्तर्गत पोखरा-१८ अँधेरीकुनादेखि २, ४, ५, ७, ८, १७ हुँदै वडा नं ६ गाईघाट पुगेर फेवातालमा मिसिने पिर्केखोलाको खोलाघरभित्र पर्ने स्थायी तथा अस्थायी संरचना हटाइने भएको हो। प्राविधिक टोलीले नापजाँच गरी पोल गाडिएको क्षेत्रभित्रका सबै संरचना हटाइने महानगरपालिकाले जनाएको छ । रासस

# कालीगण्डकीमा खसेर बालक बेपत्ता

रासस/म्याग्दी

म्याग्दी र पर्वतको सिमाना भएर बग्ने कालीगण्डकी नदीमा खसेर विहीबार एक जना बालक बेपत्ता भएका छन् । म्याग्दीको बेनीदेखि पर्वतको जलजला गाउँपालिका-३ मल्लाज जोड्ने पदमार्गको नजिकै खेल्ने क्रममा छ वर्षीय प्रियान्सु साहानी कालीगण्डकीमा खसेर बेपत्ता भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरी निरीक्षक सागर तिमिल्सिनाका अनुसार स्न्दन्देहीको रोहिणी गाउँपालिका-१ दुबौलियाका प्रियान्सु बुवा दुर्गेशकुमार मल्लसँगै बेनी नगरपालिका-८ कालीपुलमा बस्दै आएका थिए । खेल्दै नदी किनार पुगेका बेला पानी भर्न जाने क्रममा नदीमा खसेर प्रियान्सु बेपत्ता भएको घटनाबारे बेलुका करिब ६:२० बजे उनका दाजु नाता पर्ने १० वर्षीय रितिक साहानीले जानकारी गराएका थिए।

सूचना प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट कालीपुलबाट प्रहरी सहायक निरीक्षक सुवास थापाको नेतृत्वमा प्रहरी टोली वेपत्ता प्रियान्सुको खोजीमा परिचालन भए पनि साँझसम्म भेटिएका छैनन् । म्याग्दीका साथै पर्वतस्थित कालीगण्डकी नदी किनारमा खोजी जारी राखिएको प्रहरीले जनाएको छ ।

# पाठेघरको ......

सहभागिता कम भए पनि केशवटार आसपास र रूम्सी गाउँबाट उल्लेख्य सहभागिता रहेको बताइन्।

प्रदेश अस्पताल दमौलीका व्यवस्थापन समिति अध्यक्ष कमला मोहन वाग्लेको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. परिवर्तन बराल, प्रदेश आयुर्वेद चिकित्सालयका प्रमुख डा. नारायण श्रेष्ठ, डा. रविन पण्डित लगायतले पाठेघरको मुखको क्यान्सरको समयमै पहिचान तथा रोकथामका लागि समुदायस्तरमा जनचेतना अभिवृद्धि आवश्यक रहेको बताए।

कार्यक्रम अन्तर्गत सञ्चालन गरिएको भिआइए स्क्रिनिङमा ४६ जना महिलाको परीक्षण गरिएको थियो। परीक्षणका क्रममा २ जनामा पोजेटिभ नतिजा देखिएको बताइएको छ ।

# मुग्लिन-पोखरा सडक .......

योजना प्रमुख कुँवरले इन्धन अभावले निर्माणमा प्रत्यक्ष असर परेको बताए ।

उनले भने, "निर्माण कम्पनीलाई दैनिक चार हजार लिटर डिजेल आवश्यक पर्छ, तर अहिले एक हजार ५०० लिटर मात्र उपलब्ध भइरहेको छ। निर्माण सामग्रीको मूल्यसमेत अत्यधिक बढेकाले काम प्रभावित भएको छ। यसले निर्धारित समयमा आयोजना सम्पन्न गर्न कठिन भएको छ ।"

योजनाका सूचना अधिकारी अनन्त बरालका अनुसार कालोपत्रे सम्पन्न भएका क्षेत्रमा सर्भिस लेन निर्माण, सडक मार्किङ, थर्मोप्लास्टिक पेन्ट तथा 'डब्लु बिम रोड सेफ्टी ब्यारियर' जडानको काम भइरहेको छ। नेपालको प्रमुख विकास साझेदार एशियाली विकास बैंकको लगानीमा सञ्चालित उक्त आयोजनाअन्तर्गत पश्चिम खण्ड निर्माणका लागि चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सन मुग्लिन-पोखरा सडक स्तरोन्नति आयोजनाको पश्चिम खण्डमा निर्माण सुस्तक्सनसँग रू सात अर्ब ४० करोडमा ठेक्का सम्झौता गरिएको थियो ।

उक्त खण्डको निर्माण सम्झौता विसं २०७८ जेठ २ गते भएको थियो भने २०७८ भदौ १२ गतेदेखि निर्माण थालनी गरिएको थियो ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

# किशोरहरूमा बढ्दो ......

वाक्य केवल एउटी किशोरीको पीडा मात्र होइन, आजका धेरै किशोरहरूको मौन भावनात्मक संघर्षको प्रतिनिधित्व हो ।

नेपालमा मानसिक स्वास्थ्य तथा लतसम्बन्धी सेवाहरु अझै पर्याप्त पहुँचयोग्य छैनन् । धेरै जिल्लामा विशेषज्ञ सेवा उपलब्ध छैन। विद्यालयहरूमा मनोसामाजिक सहयोग प्रणाली कमजोर छ । परिवारमा खुला संवादको अभ्यास कम छ । अझै पनि धेरै अभिभावक 'डर देखाएर सुधार्ने' सोचमै छन्। त्यसको परिणाम के हुन्छ भने, किशोरहरु झन् एक्लिन्छन् । उनीहरु सहयोग खोज्न डराउँछन् । धेरै परिवारहरूले समस्या लुकाउने प्रयास गर्छन् । विशेषगरी महिलाहरु सामाजिक लज्जाका कारण चुपचाप पीडा सहिरहेका हुन्छन्।

लतको उपचार सम्भव छ। तर उपचार केवल औषधि वा पुनःस्थापना केन्द्रले मात्र सम्भव हुँदैन। यसका लागि परिवार, विद्यालय, समुदाय, स्वास्थ्य प्रणाली, तथा राज्यको संयुक्त संवेदनशीलता आवश्यक हुन्छ । हामीले किशोरहरूलाई केवल "के नगर्ने" भनेर सिकाउने होइन, भावना कसरी व्यवस्थापन गर्ने, तनावसँग कसरी जुध्ने, अस्वीकृति कसरी सहने, स्वस्थ सम्बन्ध कसरी बनाउने, तथा सहयोग कसरी खोज्ने भन्ने पनि सिकाउनुपर्छ।

अभिभावकहरूले बच्चाको व्यवहारमा आएको परिवर्तनलाई समयमै बुझ्नुपर्छ । शिक्षकहरूले केवल अनुशासन होइन, भावनात्मक संकेत पनि हेर्नुपर्छ । राज्यले मानसिक स्वास्थ्यलाई अझै दोस्रो प्राथमिकतामा राख्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ । किशोरहरूको लत केवल एउटा व्यक्तिको समस्या होइन ।

यो हाम्रो सामाजिक संरचना, पारिवारिक सम्बन्ध, डिजिटल संस्कृतिको प्रभाव, तथा भावनात्मक असुरक्षाको सम्मिलित परिणाम हो। त्यसैले अब समय आएको छ लतलाई दोष होइन, उपचारको दृष्टिले हेर्ने। किनकि सही समयमा बुझाइ, सहयोग, र उपचार पाए धेरै किशोरहरु फेरि सुरक्षित, सम्मानपूर्ण, र अर्थपूर्ण जीवनतर्फ फर्किन सक्छन् । नेपालप्रेसबाट

(लेखकः मनोपरामर्शदाता तथा लत उपचार विशेषज्ञ हुन् ।)

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा






जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ जेठ १५ शुक्रबार
May 29, 2026



**बकर इद-नमाज पढ्दै** : इस्लाम धर्मावलम्बीको महान पर्व बकर इदको अवसरमा बिहीबार तनहुँको व्यास नगरपालिका-४ स्थित नुरी हन्फी जामे मस्जिदमा नमाज पढ्दै मुस्लिम समुदाय । *तस्विर : भञ्ज्याङ*

## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

पूर्ववर्ती चुनावी सरकारले गठन गरेको गौरीबहादुर कार्की नेतृत्वको 'जाँचबुझ आयोग'ले तयार गरेको छानबिन प्रतिवेदन भाद्र २३ मा मात्र केन्द्रित एकपाखे, पूर्वाग्रही र अविश्वसनीय समेत थियो। भर्खरै सार्वजनिक भएको 'राष्ट्रिय मानव अधिकार आयोग'को प्रतिवेदनले भाद्र २३ र २४ गते भएका दुवै घटनाक्रमहरूलाई गंभिरतापूर्वक समेटेको छ। स्वयं 'जाँचबुझ आयोग'का अध्यक्ष कार्की पनि छानबिनमा तानिएका छन्। यसले कार्की आयोगको निष्पक्षता र नियतमा नै प्रश्न उठाइदिएको छ। अतः सरकारले आफ्नै वैधानिकता, अन्तर्राष्ट्रिय स्वीकार्यता र मानव अधिकारको संवेदनशिलताको लागि पनि 'राष्ट्रिय मानव अधिकार आयोग'को प्रतिवेदनलाई अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्छ।



**dambar khatiwoda**
x.com/dambarkhatiwoda

हिजो अरूका हिंसा र हिंसाबाट शक्ति प्राप्तिको आलोचना हुन्थ्यो। अब रास्वपा पनि जेन जी आन्दोलनको दुरूपयोकर्ता, हाईज्याकर, जेल ब्रेकर र अन्य हिंस्रक क्रियाकलापबाटै उदाएको शक्ति मानिने भो।मानव अधिकार आयोगको प्रतिवेदन वालेनसंग किन डरायो थाहा भएन- ईतिहासले प्रश्न त सोधिरहनेछ।

# नेपालमा 'क्यान्सर'को औषधिमा प्रयोग गरिने कच्चा पदार्थ उत्पादन : निर्यात समेत थालनी

**नारायण अधिकारी**/चितवन

जायोडिन बायोटेक उद्योगले क्यान्सरको औषधि बनाउने कच्चा पदार्थ उत्पादन सुरूआत गरेको छ । भरतपुर महानगरपालिका-१६ शरणपुरस्थित सो उद्योगले नेपाली जडीबुटी प्रशोधन गरेर क्यान्सरको औषधि बनाउने कच्चा पदार्थ उत्पादन गरी भारत निर्यात समेत गर्न थालनी गरेको हो ।

उद्योगका अध्यक्ष जीनारायणबहादुर क्षेत्रीले सो जानकारी दिँदै भन्नुभयो अत्याधुनिक उपकरण जडान गरेर कच्चा पदार्थ तयार गरेर निर्यात गर्न सुरूआत गरेका छौं ।" स्वदेशी उद्यमीको संयुक्त लगानीमा रू एक अर्ब ३० करोड सञ्चालनमा आएको जनाइएको छ । उद्योगमा कच्चा पदार्थ र त्यसबाट बन्ने क्यान्सरका औषधिहरु उत्पादनका लागि काम भइरहेको छ । उहाँले भन्नुभयो, "क्यान्सरको औषधिको कच्चा पदार्थ उत्पादन गरी निर्यात गरेका छौं ।"

क्यान्सरको औषधि आयत हुँदै आएको छ । उद्योगले १०-१२ प्रकारका कच्चा पदार्थ उत्पादन गर्ने लक्ष्य लिएको छ । हाल दुई कच्चा पदार्थ उत्पादन गरिसकेको छ । लौठ सल्लोलाई प्रशोधन गर`को सहायक कच्चा पदार्थ 'टेन ड्यब थ्री'बाट अन्य केमिकल प्रयोग गरी 'प्याक्लिट्याक्सल' र 'डोसीट्याक्सल' कच्चा पदार्थ उत्पादन गरेको उहाँको भनाइ छ।

हेटौँडाको बसामाडीमा रहेको इभान्स लाइफ साइन्स नामक उद्योगबाट लौठ सल्लो प्रशोधन गरी सहायक कच्चा पदार्थ उत्पादन गरी यहाँ ल्याएर पुनः प्रशोधन गरिएको उहाँको भनाइ छ । प्रशोधन गरेपछि कच्चा पदार्थ तयार हुने गर्दछ । त्यही तयारी कच्चा पदार्थ दुई किलो पाँचसयग्राम 'सेभेन ट्रक प्याक्लिट्याक्सल' मंगलबार भारत निर्यात गरिएको हो । आफूहरूले उत्पादन गरेको कच्चा पदार्थ उत्पादन परीक्षण गरी अनुमति समेत प्राप्त गरिसकेको उहाँको भनाइ छ । कच्चा पदार्थ निर्यात गर्न भारतीय कम्पनीलाई नमूना पठाइएको र नमूना सफल भएसँगै भारतमा कच्चा पदार्थ निर्यात गरिएको उहाँले जानकारी दिनुभयो। यो कच्चा पदार्थ रू आठ लाखदेखि २५ लाखसम्म प्रतिकिलो मूल्य पर्दछ । कच्चा पदार्थको 'ब्राण्ड' नाम हुँदैन ।

उहाँले पाकिस्तान, बंगलादेश लगायतका एसियाली देशहरुमा निर्यात गर्ने आफूहरुको योजना रहेको जानकारी दिनुभयो । नेपालका ४० देखि ४५ जिल्लामा यो लौठसल्लो पाइने जनाउँदै उहाँले वार्षिक एक हजार ५०० टन लौठसल्लोबाट दुईदेखि तीन हजार किलोसम्म कच्चा पदार्थ उत्पादन गर्न सकिने जानकारीदिनुभयो । उद्योगमा नै रहेको अर्को भवनमा क्यान्सर रोगको उपचारमा प्रयोग हुने औषधिको समेत उत्पादन गर्ने तयारी आफूहरूले गरिरहेको उहाँको भनाई छ। उद्योगमा मासिक ७० देखि ८० किलो कच्चा पदार्थ उत्पादन गर्नसक्ने क्षमता रहेको जनाइएको छ । रासस

# आर्थिक सर्वेक्षण: मातृमृत्युदरमा उल्लेखनीय सुधार

**रासस**/काठमाडौं

मातृ मृत्युदरमा उल्लेखनीय सुधार भएको जनाइएको छ । प्रतिनिधिसभाको आजको बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षणमा प्रतिलाख जीवित जन्ममा हुने मातृमृत्युदर एक सय ५१ मा झरेको छ । नेपाल परिवार स्वास्थ्य सर्वेक्षणअनुसार सन् १९९६ मा मातृमृत्युदर (प्रतिलाख जीवित जन्ममा) पाँच सय ३९ रहेकामा हाल एक सय ५१ मा झरेको हो।

यस्तै, आर्थिक सूचाङ्कमा प्रतिहजार जीवित जन्ममा हुने शिशु मृत्युदर २७ मा झरेको छ । सन् २०११ मा शिशु मृत्युदर ४६ (प्रतिहजार जीवित जन्ममा) रहेको थियो । यस्तै, पाँच वर्षमुनिका बाल मृत्युदर ५४ बाट ३१ (प्रतिहजार जीवित जन्ममा) घटेको छ ।

आर्थिक सर्वेक्षणमा नेपालमा १३ हजार ५९४ प्रकारका स्वदेशी 'ब्रान्ड'का औषधि स्वदेशमा नै उत्पादन हुने गरेको उल्लेख छ । चालु आवको फागुन मसान्तसम्म पाँच सय २९ स्वदेशी र एक सय ३८ विदेशी 'ब्रान्ड' का औषधि दर्ता भएका छन् ।

गत आवमा ५३ हजार ७१३ विपन्न नागरिकले निःशुल्क औषधिसहितको स्वास्थ्य सेवा प्राप्त गरेको उल्लेख छ । तीमध्ये २८ हजार ६७८ क्यान्सर, आठ हजार ४१० मुटु र तीन सय ४६ जनाले मिर्गौला प्रत्यारोपणसहित १२ हजार ४५२ जनाले मिर्गौलासम्बन्धी सेवा पाएका छन् । चालु आवको फागुनसम्म ३३ हजार ५८१ जना विपन्न नागरिकले उपचार सेवा पाएको उल्लेख छ ।

**अङ्ग प्रत्यारोपण गराउनेको संख्या बढ्यो**

यस्तै, आर्थिक सर्वेक्षणमा अङ्ग प्रत्यारोपणसमेत बढेको पाइएको छ । आव २०८२/८३ मा दुई सय ९५ जना बिरामीको मिर्गौला र १५ जना बिरामीको कलेजो प्रत्यारोपण भएको छ । अघिल्लो आवमा भने एक सय ८६ बिरामीको मिर्गौला र आठ जनाको कलेजो प्रत्यारोपण गरिएको थियो ।

**चिकित्सक र नर्सको संख्या वृद्धि**

प्रतिहजार जनसंख्यामा चिकित्सक र नर्सको सङ्ख्या वृद्धि भएको आर्थिक सर्वेक्षणमा उल्लेख छ । चालु आवको फागुनसम्म नेपाल मेडिकल काउन्सिल तथा नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएका स्वास्थ्यकर्मीबमोजिम नेपालमा प्रतिहजार जनसङ्ख्यामा एक दशमलव ८६ चिकित्सक र चार दशमलव ४२ अनुपात नर्स गरेका छन् । अघिल्लो आवमा भने चिकित्सक एक दशमलव एक र नर्सको अनुपात दुई दशमलव ८६ रहेको थियो ।

# सात हजार ४६२ बालबालिका सरकारको संरक्षणमा

**रासस**/काठमाडौं

चालु आर्थिक वर्षमा बालबालिका विरूद्धको हिंसा तथा जोखिममा परेका ५८८ जनाको उद्धार गरिएको छ । सरकारद्वारा सार्वजनिक गरिएको आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार चालु आवको फागुनसम्ममा उद्धार गरिएका ५८८ जनासमेत गरी सरकारले सात हजार ४६२ बालबालिकालाई आवश्यक राहत, संरक्षण, मनोविमर्शलगायत सेवा उपलब्ध गराएको हो । आव २०८१/८२ मा हिंसा तथा जोखिममा परेका एक हजार ५५ बालबालिकाको तत्काल उद्धार गरिएको थियो । त्यसैगरी, सरकारले सडक बालबालिका मुक्त नेपाल बनाउने अभियानअनुसार २०७३ वैशाख २७ देखि २०८२ को फागुनसम्म दुई हजार ६५८ (बालक दुई हजार २५८ र बालिका ४००) सडक बालबालिकाको उद्धार गरी संरक्षण र व्यवस्थापन गरेको छ ।

बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ र बालबालिका उत्तरदायी बजेट संकेत कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयन गरेको छ । कानुनको विवादमा परेका एक हजार १७६ बालबालिका १० बालसुधार गृहमा रहेका छन् । चालु आवमा नुवाकोटस्थित केन्द्रीय कारागारमा १८ वर्ष माथिका बालकलाई व्यवस्थापन गर्नका लागि बालसुधारगृह सञ्चालनमा आएको छ । चालु आवमा हराएका पाँच हजार ३६१ बालबालिका (बालक एक हजार ३८८ र बालिका तीन हजार ९७३ को खोजतलास गरी सोमध्ये चार हजार ९२९ जना (बालक एक हजार २८९ र बालिका तीन हजार ६४०) बालबालिका फेला परी परिवारमा पुनर्मिलन भएका छन् । आव २०८१/८२ मा देशभर हराएका आठ हजार १८९ (बालक दुई हजार १७९ र बालिका छ हजार जना बालबालिकाको खोजतलास गरी सोमध्ये फेला परेका सात हजार ६०४ (बालक दुई हजार ३७ र बालिका पाँच हजार ५६७ परिवारमा पुनर्मिलन भएका थिए।

आर्थिक वर्ष २०८१/८२ मा देशभर बेवारिसे अवस्थामा फेला परेका ४०९ बालबालिका (बालक २४६ र बालिका १६३) मध्ये २९८ बालबालिकाको परिवार खोजी गरी पारिवारिक पुनर्मिलन भएको छ । त्यसमध्ये १११ बालबालिकालाई पालनपोषण तथा संरक्षणका लागि बालगृह तथा अस्थायी संरक्षण सेवा केन्द्रको प्रबन्ध गरी पुनःस्थापना गरिएको छ । राष्ट्रिय बालअधिकार परिषद्को समन्वय, सहयोग र सहजीकरणमा हालसम्म ७५३ स्थानीय तहमध्ये ३९४ स्थानीय तहमा स्थानीय बालअधिकार समिति गठन तथा सञ्चालन भएका छन्। चार सय ९० स्थानीय तहमा बालकल्याण अधिकारी नियुक्त भएका छन् । तीन सय १० स्थानीय तहमा स्थानीय बालकोष स्थापना भएको र ४४२ स्थानीय तहले बाल अधिकार सम्मान, संरक्षण, सम्वर्द्धनसम्बन्धी एकीकृत कार्यविधि निर्माण गरी लागू गरेका छन् ।

**अवैध चोरी निकासी नियन्त्रण गरौं**

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : व्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४